नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय काठमाडौं

फोन नं. ०१५९७१८८०

बबरमहल, काठमाडौं
नेपाल।

प.सं. २०८३/०८४

मिति: २०८३/०६/०९
नेपाल संवत: ११४६

## भोटेकोसी बाढीका कारण विस्थापित र प्रभावित भै काठमाडौंमा उद्दार गरी ल्याइएका र रसुवा, नुवाकोटको बाढी प्रभावित क्षेत्रमा स्थायी घर भई काठमाडौंमा अध्ययनरत अभिभावक विहिन भएका बालबालिकाहरुका सम्बन्धमा अत्यन्त जरुरी सूचना।

रसुवा वा नुवाकोट जिल्लामा घर भई मिति २०८३ भाद्र १० गते भोटेकोसी नदीमा बाढी आउनुभन्दा पूर्व विगत वर्षहरु देखि नै काठमाडौं जिल्लाका कुनैपनि विद्यालयमा भर्ना भई अध्ययन गर्ने (छात्रावासमा बस्ने वा बाहिर वसोबास भई विद्यालय आउने जाने) विद्यार्थीहरुमध्ये कोही कुनै बालबालिका बाढीका कारणबाट अभिभावक विहिन भएको, उनीहरुको परिवारजनसँगको सम्बन्ध टुटेको अवस्था रहेको छ भने त्यस्ता प्रकृतिका प्रत्येक बालबालिकाहरुको विवरण (Profile) तयार गरी सात दिन भित्र यस कार्यालयलाई उपलब्ध गराइदिनुहुन सम्पूर्ण निजी, आवासीय र सरकारी विद्यालय, गुम्बा, अनाथालय, बालगृह वा अस्थाई प्रकृतिका आवास (सेल्टर होम) लाई निर्देशन गरिएको छ। साथै मिति २०८३ भाद्र १० गते भोटेकोसी नदीमा आएको बाढीपश्चात रसुवा र नुवाकोट जिल्लाका बाढी प्रभावित क्षेत्रबाट उद्दार गरी काठमाडौं ल्याइएका अभिभावक विहिन बालबालिकाहरुलाई कुनै विद्यालयको छात्रावास, गुम्बा, अनाथालय वा बालगृहमा राखिएको भए त्यस प्रकारका बालबालिकाहरुको समेत विवरण बुझाउनुहुन सम्बन्धित सम्पूर्ण निजी, आवासीय र सरकारी विद्यालय, गुम्बा, अनाथालय, बालगृह वा अस्थाई प्रकृतिका आवास (सेल्टर होम) लगायतका सामाजिक संस्थाहरु समेतका नाममा यो सूचना जारी गरिएको छ।

नेपाल सरकारको सम्बन्धित मन्त्रालय, स्थानीय प्रशासन र बालबालिकाको क्षेत्रमा कार्य गर्ने कुनै पनि सरकारी निकायलाई कुनै प्रकारको जानकारी नगराई र कानूनी प्रक्रियाको पालना नगरी यदि कोही कसैले बालबालिकालाई लुकाई, छिपाई, प्रभाव वा प्रलोभनमा पारी यस प्रकारको कार्य गरे गराएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही भै जाने बेहोरा समेत जानकारी गराइएको छ।

(ईश्वर राज पौडेल)
प्रमुख जिल्ला अधिकारी

Email: daobabarmahal@gmail.com
Website: daokathmandu.moha.gov.np